जनकपुरधाम उप-महानगरपालिका
जनकपुरधाम उप-महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
जनकपुरधाम, धनुषा
मधेश प्रदेश, नेपाल

पत्र संख्या :- २०८०/०८१
चलानी नं. :-

## लम्पी स्किन रोगबारे अत्यन्त जरुरी सूचना

गर्मीयाम सुरु भए लगत्तै देशभरि लम्पी स्किन रोगको प्रकोप फैलिएको छ। यो रोग झिंगा (डाँस), भुसुना, लामखुट्टे, किर्नाको टोकाइबाट सर्ने संक्रामक रोग हो। यो रोग लागेका गाई, भैंसीको छालामा साह्रो गिर्खा देखिने र उच्च ज्वरो आउने गर्दछ। रोगी गाई, भैंसीको दूध उत्पादन घट्छ। यस रोगको रोकथाम तथा उपचारका लागि निम्नानुसार गर्न अनुरोध गर्दछौं।

**रोग देखिएका गाई, भैंसीलाई गरिने प्राथमिक उपचार:**

- ज्वरो घटाउनका लागि पारासिटामोल (वा मेलोक्सिकेम) प्रयोग गर्ने।
- घाउ चिलाउन कम गर्नको लागि प्राविधिकको सल्लाह अनुसार उचित औषधिको प्रयोग गर्ने।
- फुटेको तथा आलो घाउ सफा गरी एन्टिसेप्टिक मलहम प्रयोग गर्ने।
- रोगका कारण सिथिल भएको पशुलाई आवश्यकता अनुसार सलाइन दिने।
- शरीरमा गिर्खाको संख्या अत्याधिक भएका पशुमा आइभरमेक्टिन सुई लगाउने।
- घाउ पाकेको अवस्थामा प्राविधिकको सल्लाह अनुसार एन्टिबायोटिक्सको सुई लगाउने।

**रोग लागेका गाई, भैंसीको हेरचाह**

- ✓ रोग देखिने बित्तिकै बथानबाट छुट्याएर अलग्गै राख्ने।
- ✓ ज्वरो आएको पशुलाई जोत्ने, गाडा तान्ने काममा नलगाई आराम गराउने।
- ✓ प्रशस्त मात्रामा सफा पानी खान दिने।
- ✓ पातलो कुँडो वा नरम घाँस दिने, दाना, पानी राम्ररी नखाने पशुलाई सख्खर पानी वा गुँड पानी खुवाउने।
- ✓ गोठमा झिंगा, भुसुना, लामखुट्टे लाग्न नदिन गोठमा र गोठ वरिपरी झाडी तथा वुट्यान सफा गर्ने, गोठ फिनेलको घोलले सफा गर्ने, पशुको वरिपरी किरा तथा भुसुना भगाउने किसिमका खोको प्रयोग गर्ने।
- ✓ आफ्नो गोठमा अनावश्यक व्यक्तिलाई आवतजावत गर्न नदिने, रोगी पशुलाई सामुहिक चरन, खर्क, आहालमा नलैजाने।

यसबारे थप जानकारीका लागि कृषि तथा पशुपन्छी विकास शाखा मो.९८१४८८७५५५ मा सम्पर्क गर्नुहोला।

## लम्पी स्किन रोग सङ्क्रमित पशुहरुको उपचारको लागि प्रयोग गर्न सकिने उपचार विधि

लम्पी स्किन रोग गाई गोरु / राँगा/भैंसीमा क्याप्रीपक्स भाइरस अन्तर्गतको लम्पी स्कीन डिजिज भाइरसका कारण लाग्ने रोग हो। यो रोग सामान्यतया टोक्ने वा रगत चुस्ने झिंगा (डाँस), लामखुट्टे, किर्ना, भुसुना जस्ता किराहरुको टोकाइ, सङ्क्रमित पशु एक स्थानबाट अन्यत्र लैजाँदा वा सङ्क्रमित पशुको सम्पर्कमा आएका अन्य पशुमा सजिले सरी छोटो समयमा धेरै स्थानमा फैलिन सक्ने प्रकृतिको भएकोले यस रोगको शीघ्र पहिचान तथा नियन्त्रण गर्न आवश्यक छ। हाल नेपालका अधिकांश जिल्लामा यो रोग देखा परेको सन्दर्भमा फिल्डस्तरमा कार्यरत प्राविधिकहरुले सङ्क्रमित पशुहरुको उपचारको लागि निम्नानुसारको उपचार विधिको प्रयोग गर्न सकिने जानकारी गराईन्छ।

**रोग देखिएका पशुलाई गरिने उपचार विधि:**

१. रोगी पशुलाई निरोगी पशुबाट छुट्याई अलग्गै राख्ने ।

२. रोगी पशुलाई प्रशस्त मात्रामा पानी, कुँडो वा नरम घाँस, झोलिलो पदार्थ, सख्खर / गुँड पानी, इलोक्ट्रोलाइट खुवाउने ।

३. ज्वरो आएको पशुलाई आराम गराउने, जोत्ने, गाडा तान्ने काममा नलगाउने ।

४. रोगको लक्षणका आधारमा देहाय अनुसारको उपचार गर्ने ।

**० ज्वरो घटाउनका लागि**

- बजारमा उपलब्ध हुने पारासिटामोल 1500 mg र मेलोक्सिकेम 100 mg भएको बोलस वा इन्जेक्सन

**ठुला पशुलाई** : २ बोलस हरेक ८ घण्टाको फरकमा खुवाउने वा 1 ml / 10 kg body weight अनुसार सुई लगाउने।

**पाडापाडी / बाच्छाबाच्छी** : १ बोलस हरेक ८ घण्टाको फरकमा मुखबाट खुवाउने वा 1 ml/10kg body weight अनुसार सुई लगाउने।

- ८ घण्टाको फरकमा औषधि दिंदा ज्वरो कम नभएमा ४ देखि ६ घण्टाको फरकमा पुनः प्रयोग गर्ने।
- शरीरमा चिसो पानीमा भिजाइएको कपडा, बोरा प्रयोग गरी पानी पट्टी लगाउने।

**गाँठागुठी / गिर्खा र चिलाउने कम गर्नका लागि**

Chlorpheniramine maleate वा Pheniramine maleate:

**ठुला पशुलाई:** 10-15 ml २४ घण्टाको फरकमा सुई लगाउने पाडापाडी/बाच्छाबाच्छी: 3-5 ml २४ घण्टाको फरकमा सुई लगाउने ।

- दाना पानी खान नसकेका र अत्यन्तै कमजोर पशुमा २०% डिन्टोज / डेक्स्ट्रोज सलाईन दिने ।
- उच्च ज्वरो नभएको अवस्थामा Ivermectin 1% - Iml / 50kg bodyweight अनुसार १ पटक सुईबाट प्रयोग गर्ने ।
- फुटेको तथा आलो घाउ सफा गरी एन्टिसेप्टिक र झिंगा नबस्ने (Fly Repellant ) मलहम वा स्प्रे प्रयोग गर्ने ।
- भिटामिन ई र सेलेनियम मिसिएको बोलस खुवाउने वा सुई लगाउने ।
- छाला, फोक्सो, पाचन प्रणाली, मुत्र प्रणालीमा सङ्क्रमण भएमा

**गर्भिणी वा दुध दिने बाहेकका पशुमा:**

- Oxytetracycline plain Iml/ 5kg body weight दिनको २ पटक ३ देखि ५ सुई लगाउने वा
  - Oxytetracycline Long Acting Iml / 10kg bodyweight ७२ घण्टाको फरकमा दुई पटक सुई लगाउने वा

- Tetracycline Bolus 500 mg

<u>ठूला पशुलाई</u>:- २ बोलस दिनको २ पटक खुवाउने।

<u>पाडापाडी/बाच्छाबाच्छी</u>:- १ बोलस दिनको २ पटक खुवाउने ।

<u>गर्भिणी वा दुध दिने पशुमा:</u>

- Procaine Penicillin 1ml/ 20kg bodyweight दिनको २ पटक ३ देखि ५ दिनसम्म सुई लगाउने ।
- Procaine Penicillin Long Acting Iml/ 20kg bodyweight ४८ घण्टाको फरकमा दुई पटक सुई लगाउने ।

<u>सङ्क्रमण रोकथामका उपाय:</u>

१. सङ्क्रमित क्षेत्र भन्दा बाहिरका स्वस्थ ३ महिनाभन्दा बढी उमेर समूहका पशुलाई उत्पादकले तोकेको मात्रामा लम्पी स्किन बिरुद्ध वर्षैनि खोप लगाउने।

२. गर्भिणी सङ्क्रमित पशुबाट जन्मेका बाच्छबाच्छी/ पाडापाडीलाई ४ महिनापछि खोप लगाउने ।

३. सङ्क्रमणबाट निको भएका पशुलाई १ वर्ष पछाडी मात्र खोप लगाउने ।

४. गोठमा झिंगा, लामखुट्टे, भुसुना लाग्न नदिन गोठ वरिपरि धुँवा लगाउने।

५. गोठमा अनावश्यक व्यक्तिलाई आवतजावत गर्न नदिने, रोगी पशुलाई सामुहिक चरन / खर्क आहालमा नलैजाने ।

६. सङ्क्रमित क्षेत्रबाट पशुको ओसारपसार नगर्ने/नगराउने ।

७. सङ्क्रमित साँढे वा राँगो रोग निको नभएसम्म प्रजननको लागि प्रयोग नगर्ने/नगराउने ।

८. गोठखोर सफा राखी नियमित फिनेल पानी छर्किने ।

९. नयाँ पशु गोठमा भित्राउँदा बथानमा नमिसाई कम्तिमा २८ दिन अलग्गै राखे १०. मरेका पशु र लसपस भएको सोत्तरलाई गहिरो खाडलमा पुर्ने ।

जनकपुरधाम उप-महानगरपालिका

जनकपुरधाम उप-महानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

जनकपुरधाम, धनुषा

मधेश प्रदेश, नेपाल

पत्र संख्या :- २०८०/०८१

चलानी नं. :-

मिति : २०८०।०४।१४

**लम्पी स्किन रोग विरुद्धको निःशुल्क खोप लगाउने बारे सूचना ।**

गर्मीयाम सुरु भए लगत्तै देशभरि लम्पी स्किन रोगको प्रकोप फैलिएको छ । लम्पी स्किन रोग गाई गोरु / राँगा/भैंसीमा क्याप्रीपक्स भाइरस अन्तर्गतको लम्पी स्कीन डिजिज भाइरसका कारण लाग्ने रोग हो । यो रोग सामान्यतया टोक्ने वा रगत चुस्ने झिंगा (डाँस), लामखुट्टे, किर्ना, भुसुना जस्ता किराहरूको टोकाइ, सङ्क्रमित पशु एक स्थानबाट अन्यत्र लैजाँदा वा सङ्क्रमित पशुको सम्पर्कमा आएका अन्य पशुमा सजिलै सरी छोटो समयमा धेरै स्थानमा फैलिन सक्ने प्रकृतिको भएकोले यस रोगको रोकथाम तथा नियन्त्रण गर्नका लागि जनकपुरधाम उपमहानगरपालिका द्वारा निःशुल्क लम्पी स्किन रोग विरुद्धको खोप सेवा संचालन भईरहेको हुंदा यस उपमहानगरपालिका क्षेत्रभित्रका व्यावसायिक फर्म तथा पशुपालक कृषकहरुले आफुले पालेका गाई/भैंसी/बाछा/बाछी/पाडा/पाडीहरुमा खोप लगाई पशुधनको क्षति हुनबाट जोगाउन तथा रोगको रोकथाम/नियन्त्रणमा सहयोग गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।